厚生労働省 Ministry of Health, Labour and Welfare

# नर्सिङ केयर बिमा प्रणालीबारे

## समाजका सबै मिलेर नर्सिङ केयरमा सहयोग गरी, बुढेसकालको चिन्ता कम गरौं

वृद्धवृद्धा तथा एकल परिवारको सङ्ख्यामा वृद्धि, नर्सिङ केयरको लागि काम छोड्नुपर्ने समस्या जस्ता सामाजिक पृष्टभूमिलाई मध्यनजर गरी, समाजका सम्पूर्ण नागरिकहरू मिलेर नर्सिङ केयरमा टेवा पुऱ्याउने उद्देश्य लिएर २००० सालमा नर्सिङ केयर बिमा प्रणालीको स्थापना गरियो। यो प्रणाली हाल लगभग ६९ लाख व्यक्तिहरूले प्रयोग गरिरहेका छन् र नर्सिङ केयर आवश्यक पर्ने वृद्धवृद्धाहरूलाई सहारा दिने प्रणालीको रूपमा स्थापित भइसकेको छ।

नर्सिङ केयर बिमामा आबद्ध हुने उमेर ४० वर्ष वा सो भन्दा माथिका व्यक्ति भनेर तोकिएको छ। ४० देखि ६४ वर्षको व्यक्तिको हकमा, आफू स्वयम्लाई पनि उमेर बढ्दै जाने क्रममा लाग्ने रोगहरूको कारणबाट नर्सिङ केयर सेवा आवश्यकता पर्न सक्ने सम्भावना उच्च हुन्छ। त्यस माथि, तपाईका आमा-बुबाहरू पनि वृद्धवृद्धा भई नर्सिङ केयर सेवा आवश्यकता पर्ने अवस्था आउने सम्भावना पनि उच्च हुने समय हो। बुढेसकालको चिन्ताको विषय भएको नर्सिङ केयर सेवालाई, समाजका सबैले टेवा दिनको लागि पनि, ४० वर्ष वा सो भन्दा माथिका व्यक्तिहरूबाट बिमा शुल्क संकलन गरिरहेका छौं।

### नर्सिङ केयर बिमामा आबद्ध व्यक्तिहरू (बीमित)

नर्सिङ केयर बिमाको बीमितलाई ६५ वर्ष वा सो भन्दा बढीको व्यक्ति (बीमित १) र ४० वर्षदेखि ६४ वर्षसम्मको चिकित्सा बिमामा आबद्ध व्यक्ति (बीमित २) गरी दुई प्रकारमा विभाजन गरिएको छ। बीमित १ मा पर्ने व्यक्तिलाई जुनसुकै कारणले नर्सिङ केयर वा सहायता आवश्यक भनेर प्रमाणित भए तापनि, सो व्यक्तिले नर्सिङ केयर सेवा प्राप्त गर्न सक्दछ। बीमित २ मा पर्ने व्यक्तिलाई उमेर बढ्दै जाने क्रममा लाग्ने रोग (निर्दिष्ट रोगहरू※) को कारणले नर्सिङ केयर आवश्यक (सहायता आवश्यक) भनेर प्रमाणित भएमा, सो व्यक्तिले नर्सिङ केयर सेवा प्राप्त गर्न सक्दछ।

| | ६५ वर्ष वा सो भन्दा बढीको व्यक्ति (बीमित १) | ४० वर्षदेखि ६४ वर्षको व्यक्ति (बीमित २) |
|---|---|---|
| दायरामा पर्ने व्यक्ति | ६५ वर्ष वा सो भन्दा बढीको व्यक्ति  | ४० वर्षदेखि ६५ वर्षभन्दा कम उमेरका स्वास्थ्य बिमा समाज, जापान स्वास्थ्य बिमा संघ, गाउँपालिका वा नगरपालिकाको नागरिक स्वास्थ्य बिमामा आबद्ध व्यक्ति (४० वर्ष पुगेपछि कुनै प्रक्रिया बिना नै योग्य भइन्छ र ६५ वर्ष पुगेपछि आफै बीमित १ मा परिवर्तन हुन्छ)  |
| सेवा प्राप्त गर्न आवश्यक सर्तहरू | •नर्सिङ केयर आवश्यक स्थिति<br>•सहायता आवश्यक स्थिति | •उमेर बढ्दै जाने क्रममा लाग्ने रोग (निर्दिष्ट रोगहरू※) को कारण नर्सिङ केयर (सहायता) आवश्यक स्थितिमा मात्र |
| बिमा शुल्क सङ्कलन विधि | •गाउँपालिका वा नगरपालिका र विशेष सहरले सङ्कलन गर्नेछ (सामान्यतया पेन्सनबाट कटौती गरिनेछ)<br>•६५ वर्ष पुगेको महिनादेखि सङ्कलन सुरु हुन्छ | •चिकित्सा बिमा शुल्कसँगै एकीकृत रूपमा सङ्कलन गरिन्छ (सामान्यतया कम्पनी वा संघसंस्थाको स्वास्थ्य बिमामा आबद्ध व्यक्तिको शुल्क व्यापार सञ्चालक (कम्पनी आदि) ले १/२ बेहोर्नुपर्नेछ)<br>•४० वर्ष लागेको महिनाबाट सङ्कलन सुरु हुन्छ |

#### ※ निर्दिष्ट रोगहरू भनेको

| | |
|---|---|
| १ क्यान्सर (चिकित्सकले, सामान्यतः स्वीकृत ज्ञानको आधारमा निको हुने सम्भावना नभएको अवस्थामा पुगेको भनि निर्णय गरेको अवस्थामा मात्र) | ९ सेन्ट्रल क्यानल स्टेनोसिस |
| २ यूमाट्वाइड अर्थराइटिस | १० प्रोजेरिया |
| ३ एमियोट्रोफिक लेटरल स्क्लेरोसिस | ११ मल्टिपल सिस्टम याट्रोफी |
| ४ असिफिकेसन अफ पोस्टेरिअर लङ्गिट्युड्नल लिगामेन्ट | १२ डायवेटिक न्युरोप्याथी, डायवेटिक नेफ्रोप्याथी तथा डायवेटिक रेटिनोप्याथी |
| ५ फ्र्याक्चरको कारण हुने ओस्टियोपोरोसिस | १३ सेरिब्रोभास्कुलर रोग |
| ६ बुढेसकालको प्रारम्भिक चरणमा हुने डिमेन्सिया | १४ अब्सट्रक्टिभ आर्थलोसोलोशिस |
| ७ प्रोग्रेसिव सुपरान्यूक्लियर पाल्सी, कोटिकोबाजल डिजेनरेसन तथा पार्किन्सन सिन्ड्रोम | १५ क्रोनिक अब्सट्रक्टिभ पल्मोनरी रोग |
| ८ स्पाइनोसेरेबेलर डिजेनेरेसन | १६ दुबै पट्टिको घुँडाको जोर्नीहरू अथवा कम्मरको जोर्नीहरूमा असाधारण रूपमा आकार परिवर्तनको कारण हुने ओस्टियोआर्थाइटिस |

### बीमित २ को नर्सिङ केयर बिमा शुल्क

१. स्वास्थ्य बिमामा आबद्ध व्यक्तिको २ नम्बरको बिमा शुल्क


कम्पनी वा संघसंस्थाको स्वास्थ्य बिमामा आबद्ध व्यक्तिले बेहोर्नुपर्ने बीमित २ को नर्सिङ केयर बिमा शुल्क, स्वास्थ्य बिमाको बिमा शुल्कसँगै एकीकृत रूपमा सङ्कल्न गरिन्छ। साथै स्वास्थ्य बिमा शुल्क झै नर्सिङ केयर बिमा शुल्क पनि, सामान्यतया बीमितले काम गर्ने व्यवसाय सञ्चालक (कम्पनी आदि) ले र बीमितले आधा-आधा बेहोर्नुपर्नेछ।

२. नागरिक स्वास्थ्य बिमामा आबद्ध व्यक्तिको २ नम्बरको बिमा शुल्क

नागरिक स्वास्थ्य बिमामा आबद्ध व्यक्तिले बेहोर्नुपर्ने बीमित २ को नर्सिङ केयर बिमा शुल्क, नागरिक स्वास्थ्य बिमा शुल्कसँगै एकीकृत रूपमा सङ्कलन गरिन्छ।

## नर्सिङ केयर बिमाको मुख्य सञ्चालक (बिमा सेवा प्रदायक) तथा आर्थिक मामिला

नर्सिङ केयर बिमाको बिमा सेवा प्रदायक भनेको गाउँपालिका वा नगरपालिका र विशेष सहर (फराकिलो-क्षेत्र महासंघको स्थापना गरिएको भएमा फराकिलो-क्षेत्र महासंघ) हो। नर्सिङ केयर बिमा सेवा प्रदायकहरूले नर्सिङ केयर सेवा खर्चको ७०%～९०% रकम योगदान पुऱ्याउनुको साथसाथै बीमित १ को बिमा शुल्क सङ्कलन गरी, नर्सिङ केयर बिमाको अर्थतन्त्र सञ्चालन गरिरहेका छन्। आर्थिक स्रोतहरू, सार्वजनिक खर्च ५०% र बिमा शुल्क ५०% (हाल, १ नम्बरको बिमा शुल्क २३% र २ नम्बरको बिमा शुल्क २७%) रहेको छन्।




## प्रयोग गर्न सकिने मुख्य नर्सिङ केयर सेवाहरूबारे

(विस्तृत जानकारीको लागि बसोबास गर्ने गाउँपालिका वा नगरपालिका र स्थानीय समग्र सहयोग केन्द्रमा सम्पर्क गर्नुहोस्)

| | | |
|---|---|---|
| घरमा प्रयोग गर्ने सेवा | होम भिजिट नर्सिङ केयर | होम भिजिट नर्सिङ केयर स्टाफ (होम हेल्पर) ले नुहाउने, दिसा/पिसाब गर्ने, खाना आदिको नर्सिङ केयर र खाना पकाउने, लत्ताकपडा धुने जस्ता घरेलु कामकाज गर्ने सेवा हो। |
| | होम भिजिट नर्सिङ | घरमा बसेर चिकित्सा उपचार गर्न सक्ने गरी, नर्स आदिले सफा-सुग्घर केयर, दिसा/पिसाब केयर जस्ता दैनिक जीवनयापनमा सहायता र चिकित्सकको निर्देशन अनुसारको आवश्यक चिकित्सा सेवा प्रदान गर्ने सेवा हो। |
| | कल्याण उपकरण प्रयोगको लागि दिने | दैनिक जीवनयापन र नर्सिङ केयरमा उपयोगी हुने कल्याणका उपकरणहरू (व्हीलचेयर, बेड आदि) भाडामा लिन सकिने सेवा हो। |
| दिउँसो नर्सिङ केयर सेन्टर आदि प्रयोग गर्ने सेवा | डे नर्सिङ केयर (डे सर्भिस) | यो सेवामा आवतजावत गर्ने प्रयोगकर्तालाई खाना, नुहाउने आदिको सहायता, शरीरको काम गर्ने क्षमतालाई कायम राख्ने र ती कुराहरूमा प्रगति हुने गरी क्षमता तालिम, ओरल क्षमतामा प्रगति हुने सेवा आदि प्रदान गरिन्छ। |
| | डे केयर रिहाबिलिटेसन (डे केयर) | नर्सिङ केयर सेन्टर वा अस्पतालमा आत्मनिर्भर भएर दैनिक जीवनयापन गर्न सक्ने बनाउनको लागि फिजियो थेरापिस्ट(PT), अकुपेसनल थेरापिस्ट (OT) र स्पिक-ल्याङ्ग्वेज-हियरिङ थेरापिस्ट (ST) आदिले रिहाबिलिटेसन गराई, प्रयोगकर्ताको मानसिक तथा शारीरिक क्षमतालाई कायम राख्न र पहिले कै अवस्थामा पुऱ्याउने उद्देश्यले प्रदान गरिने सेवा हो। |

| | | |
|---|---|---|
| रात बस्ने सेवा | छोटो अवधिको लागि भर्ना भई दैनिक जीवनयापनको नर्सिङ केयर (सर्ट स्टेइ) | नर्सिङ केयर सेन्टर आदिमा छोटो अवधि बसोबास गरी, प्रयोगकर्तालाई खाना, नुहाउने आदिको सहायता, शरीरको काम गर्ने क्षमतालाई कायम राख्ने र ती कुराहरूमा प्रगति हुने गरी क्षमता तालिमको सहयोग आदि गर्ने सेवा हो। परिवारको नर्सिङ केयर भार कम गर्न सकिन्छ। |
| आवास सेवा | निर्दिष्ट नर्सिङ केयर सेन्टरमा बसोबास गर्ने प्रयोगकर्तालाई दैनिक जीवनयापनको नर्सिङ केयर | सशुल्क नर्सिङ होम आदिमा बसोबास गर्ने वृद्धवृद्धाले दैनिक जीवनयापनको सहयोग तथा नर्सिङ केयर सेवा प्रयोग गर्न सक्छन्। |
| नर्सिङ केयर सेन्टर सेवा | वृद्धवृद्धाको विशेष नर्सिङ होम | सधैँ नर्सिङ केयर आवश्यक हुनाले घरमा नर्सिङ केयर गर्न कठिन अवस्थाको व्यक्तिहरू भर्ना हुन्छन्। खाना, नुहाउने, दिसा/पिसाब गर्ने जस्ता नर्सिङ केयरलाई एकीकृत गरी प्रदान गरिन्छ। (※यो सामान्यतया नर्सिङ केयर आवश्यक ३ वा सो भन्दा बढीको व्यक्तिले प्रयोग गर्न सक्ने सेवा हो।) |
| | नर्सिङ केयर तथा स्वास्थ्य सुविधाले सम्पन्न बृद्धाश्रम | आफ्नै घरमा जीवनयापन गर्न सक्षम हुने उद्देश्य प्राप्तिको लागि सहायता आवश्यक पर्ने व्यक्तिलाई भर्ना गराइन्छ। नर्सको हेरचाह, नर्सिङ केयर, रिहाबिलिटेशन आदि आवश्यकता अनुसार चिकित्सा तथा दैनिक जीवनयापनसँग सम्बन्धित सेवा प्रदान गरिन्छ। |
| सानो बहुउद्देश्यीय प्रकारको आवास नर्सिङ केयर | | प्रयोगकर्ताको रोजाइ अनुसार मुख्यतया नर्सिङ केयर सेन्टरमा "आवत जावत गर्ने", छोटो अवधिको लागि "राती बस्ने" र प्रयोगकर्ताको घर "होम भिजिट" गर्ने मिलाई दैनिक जीवनयापनमा सहयोग र क्षमता तालिम गर्ने सेवा हो। |
| नियमित भ्रमण・जुनसुकै बेला आवश्यक सेवा प्रदान प्रकारको होम भिजिट नर्सिङ केयर तथा नर्सिङ | | नियमित रूपमा भ्रमण गर्ने र रिपोर्ट गरिएमा जुनसुकै बेला आवश्यक सेवाहरू गर्ने जस्ता प्रयोगकर्ताको मानसिक तथा शारीरिक स्थिति अनुसार २४ घण्टा, ३६५ दिन आवश्यक सेवा, आवश्यक परेको समयमा लचिलो ढंगमा प्रदान गर्ने सेवा हो। होम भिजिट नर्स मात्र नभईकन, नर्सिङ केयर र नर्सिङलाई एकीकृत रूपमा प्रदान गरिने सेवा प्राप्त गर्न सकिन्छ। |

# नर्सिङ केयर सेवा प्रयोग गर्ने तरिका

आफ्नो र परिवारमा नर्सिङ केयर आवश्यक परेको खण्डमा, नर्सिङ केयर सेवा प्रयोग गर्नको लागि नर्सिङ केयर (वा सहायता) आवश्यक भनेर प्रमाणित हुनु पर्दछ।
आवश्यक प्रक्रियाहरू निम्न क्रममा गर्नु पर्दछ।

## ①आवेदन दिने

नर्सिङ केयर सेवा प्रयोग गर्न चाहने व्यक्तिले गाउँपालिका वा नगरपालिकाको सम्बन्धित काउन्टरमा "नर्सिङ केयर (वा सहायता) आवश्यक प्रमाणीकरण" को लागि आवेदन दिनुपर्छ। (कुनैकुनै ठाउँको स्थानीय समग्र सहयोग केन्द्र (तल हेर्नुहोस्) आदिमा तपाईंको लागि आवश्यक प्रक्रिया गरिदिने गरिन्छ)। साथै आवेदन दिने बेला बीमित १ को "नर्सिङ केयर बिमाको बीमित कार्ड" वा बीमित २ को "चिकित्सा बिमाको बीमित कार्ड" आवश्यक हुन्छ।

## ②नर्सिङ केयर आवश्यकताको प्रमाणीकरणको लागि जाँचबुझ, निर्णय आदि गरी, सो प्रमाणीकरणको नतिजाको सूचना दिइनेछ।

### ■ प्रमाणीकरणको लागि जाँचबुझ तथा तपाईंको चिकित्सकको राय पत्र

गाउँपालिका वा नगरपालिकाको कर्मचारी आदि प्रमाणीकरणको लागि जाँचबुझ गर्ने व्यक्ति घरमा गई, शारीरिक तथा मानसिक स्थितिबारे नर्सिङ केयर आवश्यक भनिएको व्यक्ति स्वयम्सँग र सो व्यक्तिको परिवारसँग सोधपुछ आदि गरी जाँचबुझ गरिन्छ। जापानभरि जाँचबुझ गरिने विवरणहरू एकै हुन्छ। साथै गाउँपालिका वा नगरपालिकाद्वारा तपाईंको चिकित्सक (तपाईंले जँचाइरहनु भएको चिकित्सक) लाई सिधै चिकित्साको दृष्टिकोणबाट शारीरिक तथा मानसिक स्थितिबारे राय पत्र लेख्न लगाइन्छ। (गाउँपालिका वा नगरपालिकाद्वारा सिधै अनुरोध गरिन्छ)।

### ■ समीक्षा तथा निर्णय

प्रमाणीकरणको लागि गरिएको जाँचबुझ र तपाईंको चिकित्सकको राय पत्रको आधारमा, स्वास्थ्य, कल्याण र चिकित्साको शैक्षिक योग्यता तथा अनुभव भएका व्यक्तिहरूद्वारा "नर्सिङ केयर प्रमाणीकरण समीक्षा बैठक" मा समीक्षा गरी कुन स्तरको नर्सिङ केयर आवश्यक छ भन्ने कुरा निर्णय गरिन्छ। नर्सिङ केयर आवश्यक स्तर नर्सिङ केयर आवश्यक १～५ र सहायता आवश्यक १ वा २ मध्येको कुनै एक हुनेछ।。

साथै बीमित २ नर्सिङ केयर (सहायता) आवश्यक स्थितिमा भएको अवस्थामा भई, त्यो स्थिति "निर्दिष्ट रोग ( P १ हेर्नुहोस्)" को कारण भएको खण्डमा प्रमाणीकरण गरिन्छ।

### ■ प्रमाणीकरणको नतिजा

सामान्यतया निवेदन दिएको मिति देखि ३० दिन भित्र, गाउँपालिका वा नगरपालिकाबाट प्रमाणीकरणको नतिजाको सूचना पठाइने छ।

## ③केयर प्लान तयार गरिन्छ

१～५ स्तरको नर्सिङ केयर आवश्यक भनेर प्रमाणित भएको व्यक्तिले घरमा नर्सिङ केयर सेवा प्रयोग गर्न चाहेको खण्डमा, आवास नर्सिङ केयर सहयोग प्रदान गर्ने संस्था (कम्पनी) सँग सम्झौता गरी, सो संस्था (कम्पनी) को केयर म्यानेजरलाई आग्रह गरी, आफूले प्रयोग गर्न चाहेको सेवा चयन गरी, नर्सिङ केयर सेवा योजना (केयर प्लान) तयार गर्न लगाउनुहोस्। नर्सिङ केयर सेन्टरमा भर्ना हुन चाहेको खण्डमा, सिधै भर्ना हुन चाहने नर्सिङ केयर सेन्टरमा आवेदन दिनुहोस्। १ वा २ स्तरको सहायता आवश्यक भनेर प्रमाणित भएको व्यक्तिले, नर्सिङ केयर रोकथाम सहायता सेवा प्रदायक कम्पनीसँग सम्झौता गरे पश्चात, उक्त कम्पनीको कर्मचारीले नर्सिङ केयर रोकथाम सेवाको योजना (नर्सिङ केयर रोकथाम केयर प्लान) बनाउने छ।

## ④सेवा प्रयोग गरिन्छ

सेवा प्रदान गर्ने संस्था (कम्पनी) मा "नर्सिङ केयर बिमाको बीमित कार्ड" र "नर्सिङ केयर बिमा बेहोर्ने खर्च अनुपात प्रमाण पत्र" पेस गरी, केयर प्लान अनुसारको आवास सेवा वा नर्सिङ केयर सेन्टर सेवा प्रयोग गरिन्छ। केयर प्लान अनुसारको प्रयोगकर्ताले बेहोर्ने खर्चको अनुपात १०%～३०% ※ हुनेछ।

※६५ वर्ष वा सो भन्दा माथिको बीमित १ को हकमा, देहायका व्यक्तिहरू बाहेक अन्यले १० % व्यहोर्नु पर्छ। (बीमित २ को हकमा, जति सुकै आय भए पनि १०% व्यहोर्नु पर्ने)

- "कुल आय रकम १६ लाख येन वा सो भन्दा बढी" हुनुका साथै, "पेन्सन आय + अन्य गरी कूल आय २८ लाख येन (बीमित १ को संख्या २ जना वा सो भन्दा बढी : ३४ लाख ६० हजार) वा सो भन्दा बढी" को व्यक्तिले २०% व्यहोर्नु पर्ने।
- "कुल आय रकम २२ लाख येन वा सो भन्दा बढी" हुनुका साथै, "पेन्सन आय + अन्य गरी कूल आय ३४ लाख येन (बीमित १ को संख्या २ जना वा सो भन्दा बढी : ४६ लाख ३० हजार) वा सो भन्दा बढी" को व्यक्तिले ३०% व्यहोर्नु पर्ने।

※यी बाहेक नर्सिङ केयर आवश्यक (सहयोग आवश्यक) को प्रमाणीकरण नलिएका व्यक्तिले पनि प्रयोग गर्न सक्ने नर्सिङ केयर रोकथाम / दैनिक जीवनयापन सहायता सेवा पनि उपलब्ध छ।

## स्थानीय समग्र सहयोग केन्द्र भनेको के हो ?

### १. स्थानीय व्यक्तिहरूको स्वास्थ्य, सुरक्षा र दैनिक जीवनमा सहयोग गर्छ।

यो स्थानीय वृद्धवृद्धाहरूले स्वस्थ तथा सुरक्षाको महसुस गरी ढुक्क भएर दैनिक जीवन बिताउन सक्ने गरी, स्वास्थ्य केन्द्र, चिकित्सा र कल्याणको पक्षबाट समग्र रूपमा सहयोग गर्ने संस्था हो। गाउँपालिका वा नगरपालिका, वा गाउँपालिका वा नगरपालिकाले जिम्मा दिएको संगठनद्वारा सार्वजनिक रूपमा सञ्चालन गरिन्छ र यो एउटा गाउँपालिका वा नगरपालिकामा एउटा वा सो भन्दा बढी हुन्छ।

यहाँ नर्सिङ केयरको बारेमा पीर वा चिन्ता भएमा ढुक्क भएर परामर्श लिन सकिन्छ। परामर्श र सहयोग निःशुल्क प्रदान गरिन्छ। गाउँपालिका वा नगरपालिकाको होमपेज आदिमा तपाईं बसोबास गर्ने क्षेत्रको स्थानीय समग्र सहयोग केन्द्र हेर्नुहोस्। (क्षेत्र अनुसार स्थानीय समग्र सहयोग केन्द्रको नाम फरक हुन सक्छ)

### २. वृद्धवृद्धाको परिवारको दैनिक जीवनसँग सम्बन्धित कुराहरू, नर्सिङ केयरका कुराहरू, वर्क-लाइफ ब्यालेन्सका चिन्ताहरू जस्ता विभिन्न विषयहरूबारे सेवा प्रदान गरिन्छ

स्थानीय समग्र सहयोग केन्द्रमा पब्लिक हेल्थ नर्स, सर्टिफाइड सोसल वर्कर, चिफ केयर म्यानेजर जस्ता चिकित्सा, कल्याण र नर्सिङ केयरका विशेषज्ञहरू हुन्छन्। आ-आफ्नो विषयको ज्ञानको उपयोग र सहकार्य गरी, परामर्श लिन चाहेको विषय अनुसार प्रणालीको रूपरेखाको व्याख्या, परामर्श लिन सकिने स्थान जस्ता ठोस समाधानका उपायहरूबारे जानकारी दिइन्छ। साथै आवश्यक परेमा सम्बन्धित निकायसँग समन्वय गरी, नर्सिङ केयर सेवा वा विभिन्न प्रणालीहरू प्रयोग गर्न सक्ने गरी सहयोग गरिने छ।

＊तपाईंलाई वा परिवारमा कसैलाई नर्सिङ केयरबारे चिन्ता लागेको कुरा भएमा संकोच नमानीकन तपाईं बसोबास गर्ने गाउँपालिका वा नगरपालिकाको स्थानीय समग्र सहयोग केन्द्रमा गई परामर्श लिनुहोस्। स्थानीय वृद्धवृद्धाको स्वास्थ्य सुधार गर्नु, वृद्धवृद्धाको अधिकारलाई सुनिश्चित गर्नु, स्थानीय क्षेत्रमा बसोबास गर्न सहज वातावरण बनाउनु आदि पनि स्थानीय समग्र सहयोग केन्द्रको जिम्मेवारी हो।



厚生労働省 Ministry of Health, Labour and Welfare

हाल नर्सिङ केयर गर्नुपर्ने कारण हरेक वर्ष लगभग १ लाख मान्छेहरूले काम छोड्ने गर्छन् भनेर भनिन्छ।

सरकारले, काम र नर्सिङ केयर बीचको सन्तुलन निर्माणको लागि, आवश्यक पर्ने नर्सिङ केयर सेवा प्राप्त गर्ने सुनिश्चितताको प्रबन्ध मिलाउनुका साथै, नर्सिङ केयरको लागि बिदा लिन सहज कार्यस्थलको वातावरण बनाउनको लागि प्रयास गरिरहेको छ।

## काम र नर्सिङ केयरको सन्तुलनको लागि प्रणाली

शिशु स्याहार तथा नर्सिङ केयर ऐनमा तोकिएको प्रणालीको केही अंश निम्न अनुसारका छन्। कानुनबारे विस्तृत जानकारीको लागि "शिशु स्याहार तथा नर्सिङ केयर ऐनको सारांश" (विस्तृत जानकारीको लागि तल लेखिएको "मुख्य स्रोत URL") हेर्नुहोस् वा जिल्ला श्रम ब्यूरोको रोजगार वातावरण तथा समानता शाखा (कक्ष) मा गई परामर्श लिनुहोस्। साथै कार्यस्थलको प्रणालीको जानकारीको लागि मानव संसाधन तथा सामान्य मामिलाको सम्बन्धित कर्मचारीसँग परामर्श लिनुहोस्।

नर्सिङ केयरको बिदाको अवधि, "काम र नर्सिङ केयर बीच सन्तुलन कायम राख्ने व्यवस्था मिलाउन आवश्यक अवधि" भनेर परिभाषित गरिएको छ। नर्सिङ केयरको बिदाको अवधिलाई नर्सिङ केयर बीमाको सेवा प्राप्त गर्नको लागि तयारी समयको रुपमा सदुपयोग गरी, काम र नर्सिङ केयर बीच सन्तुलन कायम राख्नको लागि आवश्यक वातावरण तयारी गरौं।

### १. नर्सिङ केयर बिदा प्रणाली

यो नर्सिङ केयर आवश्यक परिवारको १ जनाको लागि, कुल ९३ दिनसम्म, अधिकतम ३ पटकमा विभाजन गरी बिदा लिन सकिने प्रणाली हो। कामदारले कम्पनीलाई जानकारी गराई यो प्रणालीको प्रयोग गर्न सकिन्छ।

साथै नर्सिङ केयर बिदा अवधिको बेला आवश्यक सर्तहरू पूरा गरेको खण्डमा रोजगार बिमाबाट, बिदामा बस्नु अगाडिको ज्यालाको ६७% भुक्तानी गरिन्छ (नर्सिङ केयर बिदा भत्ता)।

### २. नर्सिङ केयर छुट्टी प्रणाली

नर्सिङ केयर बिदा र वार्षिक तलबी छुट्टी बाहेक, परिवारमा १ जना नर्सिङ केयर आवश्यक व्यक्ति भएमा १ आर्थिक वर्षमा ५ दिनसम्म, सम्बन्धित परिवारमा २ जना वा सो भन्दा बढी भएमा १ आर्थिक वर्षमा १० दिनसम्म, १ दिनको एकाइ, आधा दिन वा घण्टाको एकाइमा छुट्टी लिन सकिन्छ। कामदारले कम्पनीलाई जानकारी गराई यो प्रणालीको प्रयोग गर्न सकिन्छ।

### ३. नर्सिङ केयरको लागि छोटो समय काम आदिको प्रणाली

व्यापार सञ्चालक (कम्पनी आदि) ले निम्न क～घ मध्येको कुनै एक प्रणाली (परिवारमा १ जनालाई नर्सिङ केयर आवश्यक भएमा, प्रयोग सुरु गरेको ३ वर्षको अवधिमा २ पटक वा सो भन्दा बढी प्रयोग गर्न सकिने प्रणाली) को व्यवस्था नगरीकन हुँदैन।

क. छोटो समय काम गर्ने प्रणाली: यो दिनको एकाइ, हप्ताको एकाइ, महिनाको एकाइ आदिमा काम गर्ने समय वा काम गर्ने दिन सङ्ख्या छोट्याउने प्रणाली हो।

ख. फ्लेग्जिबल टाइम प्रणाली: यो ३ महिना भित्र निश्चित अवधिको कुल काम गर्ने समय तोकिराखी, कामदारले उक्त दायरा भित्र आफूले काम सुरु गर्ने र काम समाप्त गर्ने समय, आफैले निर्धारण गरी काम गर्ने प्रणाली हो।

ग. फरक समयमा काम गर्ने प्रणाली: यो १ दिनको काम गर्ने समयावधि परिवर्तन नगरीकन, तोकिएको काम सुरु गर्ने र समाप्त गर्ने समय भन्दा छिटो काम सुरु गर्ने वा समाप्त गर्ने प्रणाली हो।

घ. कामदारले प्रयोग गर्ने नर्सिङ केयर सेवाको खर्चको अनुदान सहयोग वा अन्य सो सरहको प्रणाली

### ४. नर्सिङ केयरको लागि अतिरिक्त समय श्रम प्रतिबन्ध (ओभरटाइम छुट प्रणाली)

यो नर्सिङ केयर समाप्त नभएसम्म प्रयोग गर्न सकिने ओभरटाइम छुट प्रणाली हो। कामदारले कम्पनीलाई जानकारी गराई यो प्रणालीको प्रयोग गर्न सकिन्छ।

## नर्सिङ केयरको परामर्श काउन्टर आदिबारे

**सम्पर्क**

- गाउँपालिका वा नगरपालिकाको नर्सिङ केयर बिमाको सम्बन्धित शाखा: नर्सिङ केयरसँग सम्बन्धित सबै कुराहरूबारे परामर्श र नर्सिङ केयर बिमा प्रयोग गर्ने बेला आवश्यक प्रक्रियाहरू आदि
- स्थानीय समग्र सहयोग केन्द्र: वृद्धवृद्धाको दैनिक जीवनमा परेका समस्या र नर्सिङ केयर रोकथामसम्बन्धी परामर्श आदि
- जिल्ला श्रम ब्यूरोको रोजगार वातावरण तथा समानता शाखा (कक्ष) शिशु स्याहार तथा नर्सिङ केयर ऐन समबन्धित परामर्श आदि
- हलोवर्क: नर्सिङ केयर बिदा भत्ताको आवेदन प्रक्रिया आदि
- कलिलो उमेरमा हुने डिमेन्सिया सहायता संयोजक: कलिलो उमेरमा हुने डिमेन्सियाबारे परामर्श आदि

**मुख्य स्रोत URL**

| | |
|---|---|
| नर्सिङ केयर बीमा प्रणालीको रूपरेखा | https://www.mhlw.go.jp/stf/seisakunitsuite/bunya/hukushi_kaigo/kaigo_koureisha/gaiyo/index.html<br>नर्सिङ केयर बीमा प्रणालीको रूपरेखाको बारेमा, स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको होमपेजमा जानकारी राखिएको छ। |
| नर्सिङ केयर सेवा जानकारी प्रकाशन प्रणाली | https://www.kaigokensaku.mhlw.go.jp/<br>स्थानीय समग्र सहयोग केन्द्र, नर्सिङ केयर सेवा प्रदायक कम्पनीहरू खोज्न सकिन्छ। |
| नर्सिङ केयरको स्थानीय काउन्टर | https://www.wam.go.jp/content/wamnet/pcpub/kaigo/madoguchi/<br>गाउँपालिका वा नगरपालिकाको नर्सिङ केयर सम्बन्धित काउन्टरहरूको जानकारी राखिएको छ। |
| शिशु स्याहार तथा नर्सिङ केयर ऐनको सारांश | https://www.mhlw.go.jp/stf/seisakunitsuite/bunya/000103504.html<br>शिशु स्याहार तथा नर्सिङ केयर बिदा आदिको रूपरेखा, त्यसको दायरामा पर्ने कर्मचारीहरू, प्रक्रिया विधि आदिको पर्चाहरू एकै ठाउँमा राखिएको छ। |
| नर्सिङ केयर बिदा भत्ताबारे | https://www.hellowork.mhlw.go.jp/insurance/insurance_continue.html<br>नर्सिङ केयर बिदा भत्ता प्राप्त गर्न आवश्यक सर्तहरू, आवेदन विधि आदिको जानकारी एकै ठाउँमा राखिएको छ। |
| काम र नर्सिङ केयर बीचको सन्तुलन निर्माण सहायतासँग सम्बन्धि कम्पनी संचालकहरू लक्षित निर्देशिका | https://www.meti.go.jp/policy/mono_info_service/healthcare/kaigo/kaigo_guideline.html<br>काम र नर्सिङ केयर बीचको सन्तुलन निर्माण सहायताको बारेमा, कम्पनी संचालकहरुले, आफ्नै नेतृत्वमा गर्नु पर्ने पहलका पृष्ठभूमि तथा संचालन गर्ने तरिकाका प्वाइन्टहरु समेटेर बनाइएको छ। |
| कलिलो उमेरमा हुने डिमेन्सियाको कल सेन्टर | https://y-ninchisyotel.net/<br>कलिलो उमेरमा हुने डिमेन्सिया र कलिलो उमेरमा हुने डिमेन्सियासँग सम्बन्धित परामर्श काउन्टरको जानकारी एकै ठाउँमा राखिएको छ। |

२०२४ साल मार्चमा तयार पारिएको